# स्थानीय राजपत्र

<table>
<tr><td colspan="3">कालिञ्चोक गाउँपालिका, दोलखाद्वारा प्रकाशित</td></tr>
<tr><td>खण्ड ७</td><td>संख्या १</td><td>मितिः २०८०/०५/०२</td></tr>
<tr><td colspan="3">भाग-२<br>कालिञ्चोक गाउँपालिका<br>नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।</td></tr>
<tr><td colspan="3">संवत् २०८० सालको कार्यविधि संख्या १</td></tr>
</table>

# कालिञ्चोक गाउँपालिका

# करार शिक्षक छनौट परीक्षा सञ्चालन तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः–**

स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था अनुरुप गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने रिक्त दरबन्दी र गाउँपालिका मार्फत स्रोत जुटाई वा कार्यक्रम बनाई अनुदान सेवा करारमा लिने शिक्षकहरुको

छनौट पद्धतिलाई व्यवस्थित बनाई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वाच्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गराई यो कार्यविधि लागू गरिने छ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(क) यस कार्यविधिको नाम "करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिका बैठकले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "विद्यालय" भन्नाले कक्षा १-१२ सम्मको शैक्षिक संरचनालाई सम्झनु पर्दछ।

(ख) "विषय विशेषज्ञ" भन्नाले आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह-कक्षा ९-१२) सम्म करार शिक्षक छनौट तथा सिफारिस गर्ने परीक्षा सञ्चालनका लागि यस गाउँपालिकामा सूचीकृत भएका आधारभूत र माध्यमिक तहका स्थायी शिक्षक तथा सम्बन्धित विषयमा अन्य पालिकामा समेत योग्यता प्राप्त अन्य सूचीकृत व्यक्ति समेतलाई सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले कालिञ्चोक गाउँपालिका, दोलखालाई सम्झनुपर्दछ।

(घ) "विद्यालय कर्मचारी" भन्नाले विद्यालय सहयोगी, विद्यालय सहायक वा शिक्षक बाहेक विद्यालयमा नियमित हाजिर भई तलब सुविधा लिई काम गर्ने जुनसुकै कर्मचारी सम्झनुपर्दछ।

(ङ) "गाउँ शिक्षा समिति" भन्नाले कालिञ्चोक गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्दछ।

(च) "करार शिक्षक छनौट समिति" भन्नाले गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा २९ (१) बमोजिमको समितिलाई सम्झनुपर्दछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कालिञ्चोक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(ज) "शिक्षा अधिकृत" भन्नाले कालिञ्चोक गाउँपालिकाको शिक्षा अधिकृत सम्झनुपर्दछ।

(झ) "समिति" भन्नाले दफा ३ को १ बमोजिमको समिति सम्झनुपर्दछ।

## परिच्छेद– २

## करार शिक्षक छनौट समितिको संरचना तथा बैठक

३. **करार शिक्षक छनौट तथा सिफारिस समिति** :

(१) यस कालिञ्चोक गाउँपालिका अन्तर्गतका सामुदायिक आधारभूत/माध्यमिक विद्यालयमा गाउँपालिकाको अनुदानमा उपलब्ध गराईने शिक्षक, विद्यालयहरुमा रिक्त राहत, अस्थायी करार शिक्षक छनौट तथा सिफारिस गर्न कालिञ्चोक गाउँपालिकामा निम्नानुसारको समिति रहनेछ।

- प्रमुख प्रशासकीय अधिकृत - सयोजक
- सम्बन्धित विषयका बढीमा २ जना विज्ञ - सदस्य
- शिक्षा अधिकृत - सदस्य सचिव

(२) परीक्षा सञ्चालनलाई मर्यादित बनाउन उपनियम (१) बमोजिमको समितिको संयोजकले १ जना केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, आवश्यकता अनुसार निरीक्षक र अन्य सहयोगी तोक्न सक्नेछ।

(३) २ बमोजिमका केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, नतिजा तयारी/प्रकाशन र सहयोगीलाई नियमानुसारको बैठक/पारिश्रमिक भत्ता रकम उपलब्ध हुनेछ।

(४) उपदफा (१) बमोजिको समितिले शिक्षक छनौट गर्दा लिखित, अन्तवार्ता र आवश्यकतानुसार प्रयोगात्मक सबै किसिमको परीक्षा लिई तोकिएको न्यूनतम प्राप्ताङ्क भन्दा बढी अंक प्राप्त गर्नेहरुमध्ये सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई नियुक्तिका लागि वैकल्पिक उम्मेदवार सहित सम्बन्धित विद्यालयलाई सिफारिस गर्नुपर्नेछ।

(५) समितिबाट छनौट तथा सिफारिस भएका उम्मेदवारलाई शिक्षा शाखाको समन्वयमा विद्यालयले नियुक्ती दिनुपर्नेछ । नियुक्ति पत्र बुझेको मितिले बढीमा ७ (सात) दिनभित्र सम्बन्धित विद्यालयमा सिफारिस भएको व्यक्ति हाजिर हुनुपर्नेछ र सिफारिस भई आएको शिक्षकलाई नियमित कामकाज गर्न लगाई विद्यालयका प्रद्यानाध्यपकले सो को जानकारी गाउँपालिकालाई दिनुपर्नेछ।

(६) समितिबाट छनौट भई नियुक्त भएको शिक्षकको पद राजिनामा दिई वा पद आचरण बाहेकको गलत क्रियाकलाप गरी कारबाहीमा परी स्थान रिक्त हुन गएमा निज नियुक्त भएको ६ (छ) महिनाको अवधिसम्म उपदफा (१) बमोजिमको समितिले करार शिक्षक तथा सिफारिस गर्ने प्रयोजनको लागि प्रतिक्षा वा वैकल्पिक सूचीमा रहेको मध्येबाट योग्यताको आधारमा शिक्षा शाखाको सिफारिस अनुसार विद्यालयले नियुक्ति गर्नुपर्नेछ।

(७) समितिको प्रति विषयको बैठक भत्ता बढीमा ४ वटा बैठकको मात्र दिन पाइने छ।

(८) यस कार्यविधिमा उल्लेख भएको बाहेक करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी अन्य प्रक्रिया समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद–३

## विषय विशेषज्ञको सूची तयार गर्ने

४. **विषय विशेषज्ञको छनौट सम्बन्धी व्यवस्था :**

(१) यस कालिञ्चोक गाउँपालिका अन्तर्गतका सामुदायिक आधारभूत विद्यालय/माध्यमिक विद्यालयमा गाउँपालिकाको अनुदानमा उपलब्ध गराईने विषयगत विज्ञ शिक्षकहरु छनौट तथा सिफारिस गर्न स्वीकृत दरबन्दीको शिक्षक करार सेवामा लिन छनौट तथा सिफारिस गर्दा आवश्यक पर्ने विज्ञहरु आवश्यक योग्यता निर्धारण गरी गाउँपालिकाले ७ (सात) दिनको विषय विज्ञको रुपमा सूचीकृत हुने सूचना प्रकाशन गरी प्राप्त निवेदन मध्ये पालिकाद्धारा विज्ञहरुको अन्तिम सूची बनाई प्रकाशन गरिनेछ।

(२) उपनियम (१) बमोजिम सुचीकृत भएका विषय विशेषज्ञहरु उपर चित्त नबुझेमा अन्तिम सूची प्रकाशन गरिएको ३ (तीन) दिनभित्र आवश्यक सबुत प्रमाण सहित गाउँ कार्यपालिकाको कार्यालयमा उजुरी दिन सकिनेछ।

(३) शिक्षक छनौट तथा सिफारिसका लागि लिईने लिखित परीक्षाको निर्धारित पाठ्यक्रम र तोकिएको ढाँचा अनुसार द्वितीय पत्रको विषयगत प्रश्नपत्र तयार गर्ने काम सूचीकृत विषय विशेषज्ञ मार्फत हुनेछ र  प्रथम पत्रको प्रश्न पत्र पालिकाले तयार गर्नेछ।

(४) विषयतग विशेषज्ञद्धारा निर्मित प्रश्नपत्रलाई आवश्यकतानुसार सम्बन्धित विषय विशेषज्ञ समेत समावेश गरी परिमार्जन (मोडेरेसन) गरी प्रश्नपत्रलाई अन्तिम रुप दिई सिलबन्दी गरेर प्रश्नपत्र बैंकमा राखिनेछ। प्रश्नपत्र परिमार्जन गर्दा लाग्ने लागत/खर्च गाउँपालिकाबाट नियमानुसार व्यवस्था गरिने छ।

(५) प्रश्नपत्र तयार गर्दा गोपनीयताका साथ तयार गर्नुपर्दछ। यसरी तयार गरिएको प्रश्नपत्र गाउँपालिकाको शिक्षा शाखमा पेश गर्नुपर्नेछ।

## परिच्छेद–४

## शिक्षक छनौट तथा सिफारिस प्रक्रिया

४. **करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी व्यवस्था** :

(१) शिक्षक छनौट तथा सिफारिस समितिको सचिवालय गाउँपालिकाको कार्यालय वा शिक्षक छनौट समितिले तोकेको स्थानमा हुनेछ।

(२) शिक्षक छनौट तथा सिफारिस समितिले करार शिक्षक छनौटका लागि लिइने लिखित तथा अन्तरवार्ता परीक्षाको केन्द्र समितिले तोके बमोजिम हुनेछ तर प्राविधिक धारका विषय अध्यापन गर्ने शिक्षक/प्रशिक्षक छनौट गर्दा प्रयोगात्मक परीक्षा सम्बन्धित प्रयोगशाला भएको स्थानमा राख्न सकिनेछ।

(३) विज्ञापन गरेपछि दरखास्त प्राप्त भएपछि छानबिन गरी रीत पुगेका निवेदनलाई दर्ता गरी दरखास्तवालालाई तोकिए बमोजिमको दर्ता निस्सा वा प्रवेशपत्र प्रदान गर्नुपर्नेछ। साथै स्वीकृत नामावलीको सूची टाँस गरी उम्मेदवारलाई लिखित तथा अन्तरवार्ता परीक्षाको मिति र स्थान समेत जानकारी गराउनु पर्नेछ।

(४) परीक्षाको प्रश्नपत्रको नेपाल सरकारले तोके बमोजिम शिक्षक सेवा आयोगको पाठ्यक्रम बमोजिम हुनेछ।

(५) सामुदायिक विद्यालयमा शिक्षण पेशामा आवद्ध हुन संघीय शिक्षा ऐनमा स्थायी अध्यापन अनुमति पत्र लिएको हुनुपर्ने प्रावधान भएपनि स्थानीय परिवेशलाई मध्यनजर गरी अनुदानबाट उपलब्ध गराइने अग्रेजी, विज्ञान र गणित विषय शिक्षकहरुको दोस्रो पटकसम्म विज्ञापन गर्दा पनि दरखस्त नआएमा उम्मेदवारको योग्यता, क्षमता र अनुभवको आधारमा स्थायी अध्यापन अनुमति पत्र नभएकाहरुमा प्रतिस्पर्धा गराएर पनि राख्न सकिनेछ।

(६) परीक्षा समितमार्फत् छनौट तथा सिफारिस भई करार सेवामा नियुक्त शिक्षकको पदावधि सुरुमा बढीमा एक आर्थिक वर्षको लागि हुने हुने भएतापनि शैक्षिक गुणस्तर अभिवृद्धिमा पुग्ने योगदान एवम् कार्यसम्पादन मुल्याङ्कनको आधारमा गाउँपालिकाको सहमतिमा सम्बन्धित विद्यालयले करार थप गर्न वा नगर्न सक्नेछ। साथै यस प्रक्रियाबाट सेवा करारमा नियुक्त गरिएका शिक्षक कार्यरत विद्यालयमा शिक्षक सेवा आयोग मार्फत स्थायी शिक्षक सिफारिस भई आएमा तथा करार सेवामा नियुक्त शिक्षकको आवश्यकता, औचित्य र सान्दर्भिकता पुष्टि नभएमा निजसँगको करार जुनसुकै बेला सम्बन्धित विद्यालयले रद्द गर्न सक्नेछ।

५. **परीक्षा, अन्तरवार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था** :

(१) करार शिक्षक छनौट समितिले परीक्षा हुने मिति, समय र परीक्षा केन्द्र तोक्नेछ र मर्यादित वातावरणमा परीक्षा सञ्चालन गर्नेछ।

(२) करार शिक्षक छनौट तथा सिफारिस समितिले लिने लिखित परीक्षाको पूर्णाङ्क २००, अन्तरवार्ता ३० पूर्णाङ्क र आवश्कतानुसार प्रयोगात्मक परीक्षा ३० अंकको हुनेछ। लिखित परीक्षाको उत्तीर्णाङ्क र पूर्णाङ्कसम्बन्धी र गलत उत्तरवापतको सजाएको व्यवस्था शिक्षक सेवा आयोगले गरेको व्यवस्थानुसार नै हुनेछ।

१. (क) अन्तरवार्ताको ३० पूर्णाङ्कमध्ये निम्नानुसार रहने।

| | |
|---|---|
| क. पालिकाभित्रका उम्मेद्वार | - १५ |
| ख. शैक्षिक योग्यता | - ३ |
| ग. विषयगत ज्ञान | - ५ |
| घ. शिक्षण विधि | - ५ |
| माथिल्लो योग्यतावापत | - २ |

(३) प्रश्नपत्रको गोपनीयता कायम गर्ने छनौट समिति र संलग्न कर्मचारी/प्रतिनिधीको दायित्व हुनेछ।

(४) तोकिएको शिक्षा अधिकृत/शिक्षा शाखाको कर्मचारीको रोहवरमा सम्बन्धित परीक्षा केन्द्रको हाताभित्र विषय विशेषज्ञद्धारा उत्तर पुस्तिका परीक्षण गराइनेछ ।

(५) सामान्यतया अन्तरवार्तामा ४०% भन्दा कम र ७०% अंक भन्दा बढी दिन पाइने छैन । सो भन्दा बढी वा घटी दिनुपरेमा सबै सदस्यले कारण खुलाई मुचुल्का गर्नुपर्नेछ ।

(६) विषयको प्रकृति हेरी आवश्कताको आधारमा छनौट समितिले प्रयोगात्मक परीक्षा लिन सक्नेछ । तर लिखित परीक्षा अघि र अन्तरवार्ता पछि प्रयोगात्मक परीक्षा लिन सकिने छैन ।

(७) गाउँपालिकाको अनुदान तर्फ र विद्यालयका साविक स्वीकृत दरबन्दी अनुसार रिक्त हुने करार शिक्षक छनौट तथा सिफारिस समितिले सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ । यसरी नतिजा प्रकाशन गर्दा लगतैको योग्यता क्रममा रहेको उम्मेदवारलाई वैकल्पिक सूचीमा राख्नुपर्नेछ ।

(८) कार्यविधिको नियम (३) बमोजिम गाउँपालिकाको अनुदान तथा शिक्षा ऐनको दफा २४ को उपदफा (१) बमोजिमको समितिले साविक स्वीकृत दरबन्दीमा रिक्त हुने पदको लागि छनौट तथा सिफारिस हुने उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्त गरी सो को जानकारी गाउँपालिकाको शिक्षा शाखामा दिनुपर्नेछ ।

(१०) तपसिल बमोजिमको अवस्थामा गाउँ शिक्षा समितिले वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई नियुक्ति गर्न वा नियुक्तिका लागि सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्न सक्नेछ ः

(क) सिफारिस गरेको उम्मेदवारले ७ (सात) दिनको अवधिभित्र पनि नियुक्ति नबुझे/नलिएमा,

(ख) सिफारिस गरेको उम्मेदवारको मृत्यु भएमा, निजले राजिनामा दिएमा,

(ग) नियुक्ति पत्र बुझेको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर नभएमा,

(११) करार शिक्षक छनौट तथा सिफारिस समितिका पदाधिकारी, विषय विज्ञ र उम्मेदवार बीच कानूनले तोके अनुसारको नजिकको नाता सम्बन्ध रहेको अवस्थामा उक्त नाता पर्ने व्यक्ति समितिमा रहने छैन ।

## परिच्छेद–६
## सेवा करारमा शिक्षक नियुक्त तथा विषय विशेषज्ञको योग्यता सम्बन्धी व्यवस्था

**६. करार सेवामा शिक्षक नियुक्ति सम्बन्धी थप व्यवस्था :**

(१) गाउँपालिका क्षेत्रभित्र रहेको सामुदायिक विद्यालयमा साविक स्वीकृत दरबन्दीमा रिक्त हुन गई तत्काल करार सेवामा अस्थाई पदपूर्ति गर्नु परेमा सम्बन्धित विद्यालयले विद्यालय व्यवस्थापन समितिको बैठक बसि रिक्त पदमा करार सेवाद्धारा पदपूर्ति गर्न सहमतिका लागि बैठकको निर्णय, शिक्षा विकास तथा समन्वय इकाईबाट रिक्त दरबन्दी प्रमाणित गरी सो सम्बन्धी कागजात समेत संलग्न गरी गाउँपालिकाको शिक्षा शाखामा शिक्षक व्यवस्थाका लागि निवेदन दिने र परीक्षा समिति/शिक्षा शाखाबाट विज्ञापन गर्ने र दरखास्तबापतको रकम गाउँपालिकाको राजश्व खातामा सकलन गर्ने ।

(२) उपनियम (१) बमोजिम विज्ञापन गर्न सहमति प्राप्त गरेपछि विद्यालयले गाउँपालिकाको समन्वयमा रित पूर्वक १५ (पन्ध्र) दिनसम्मको सार्वजनिक विज्ञापन प्रकाशन गर्नुपर्नेछ ।

(३) यस कार्यविधि र अन्य प्रचलित कानून बमोजिमको प्रक्रिया बाहिरबाट करार सेवामा शिक्षक नियुक्त भएमा वा गरिएमा त्यस प्रकारको शिक्षकको तलबभत्ता र अन्य सुविधा उपलब्ध गराउन गाउँपालिका बाध्य हुनेछैन ।

(४) विषय विशेषज्ञको योग्यता सम्बन्धी व्यवस्था :

(१) गाउँपालिका क्षेत्रभित्र रहेको सामुदायिक विद्यालयमा साविक स्वीकृत दरबन्दीमा रिक्त पदमा अस्थायी पदपुर्ति गर्दा र गाउँपालिकाको अनुदानमा कार्यविधिको नियम (५) बमोजिमको समितिले करार सेवाद्धारा विषय विज्ञ शिक्षकको छनौट र सिफारिस गर्दा आवश्यक पर्ने विषय विज्ञ शिक्षक हुनको लागि न्यूनतम योग्यता देहाय बमोजिम हुनुपर्नेछ :

(क) आधारभूत (प्रा.वि. र नि.मा.वि.) तह : शैक्षिक योग्यता, सम्बन्धित विषयमा शिक्षा संकायमा स्नातक तह वा सो सरह उत्तीर्ण, शिक्षण अनुभव : शिक्षक सेवा आयोगको परीक्षा पास गरी स्थायी भई कम्तिमा १ वर्ष अध्यापन गरेको,

(ख) माध्यमिक (कक्षा ९-१२) तह : शैक्षिक योग्यता, सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण, अन्य संकायमा स्नातकोत्तर गरेको भएमा एक वर्षे बि.एड. गरेको हुनुपर्ने) शिक्षण अनुभव : मा.वि. तहको शिक्षक सेवा आयोगको परीक्षा पास गरी स्थायी भई कम्तिमा १ वर्ष अध्यापन गरेको । गाउँपालिका क्षेत्रभित्र विषय विज्ञको रोष्टर बनाउँदा कुनै विषयको विज्ञ उपलब्ध हुन नसकेमा वा अन्य स्थिती कुनै पनि परिस्थिती सिर्जना भएमा शिक्षा विकास तथा समन्वय ईकाइ, दोलखा वा अन्य स्थानीय तहमा रहेका विषय विशेषज्ञ लिई परीक्षा सञ्चालन गर्न बाधा पर्ने छैन ।

(ग) कुनै विषयको परीक्षा लिदा उक्त विषयमा स्थायी शिक्षकलाई विज्ञको रुपमा पाउन नसके अस्थायी तथा करारलाई पनि विज्ञको रुपमा लिन बाधा परेको मानिने छैन ।

## परिच्छेद–७

## विविध

१. **परीक्षा केन्द्र सञ्चालन खर्च**: परीक्षा सञ्चालनको लागि चाहिने स्टेशनरी सामान तथा अन्य आवश्यक सामग्री खरिद पालिकामार्फत् गर्ने गरी सम्बन्धित शीर्षकबाट कार्यालयले भुक्तानी गर्नुपर्नेछ।

२. **थपघट, व्याख्या वा हेरफेर** :

(१) यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट र संशोधन वा हेरफेर गर्न सक्नेछ। साथै यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा कालिञ्चोक गाउँपालिकाको शिक्षा ऐन, २०७५, गाउँ शिक्षा समितिको निर्णय, शिक्षक सेवा आयोगको नियमावली र अन्य प्रचलित कानूनमा भएको व्यवस्था अनुसार हुनेछ।

३. करार शिक्षक छनौट तथा सिफारिस समितिका पदाधिकारी र आवश्यकतानुसार आमन्त्रित सदस्यले नियमानुसारको बढीमा ४ वटा भन्दा बढी बैठक भत्ता लिन पाउने छैनन्।

४. प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तरपुस्तिका परीक्षण, नतिजा तयारी र प्रकाशन जस्ता कार्यमा खटिने विषय विज्ञ तथा कर्मचारीहरुको पारिश्रमिक तोकिएबमोजिम हुनेछ।

**पुनश्च**: प्रश्नपत्र निर्माणमा संलग्न विषय विज्ञलाई दैनिक भ्रमण भत्ता तथा आते जाते वापत लाग्ने भाडा रकम उपलब्ध गराइने छैन।

९. **खारेजी र बचाउ** :

(१) यस कार्यविधिमा उल्लेख भएका कुनैपनि प्रावधान प्रचलित ऐन, कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

(२) तर यस कार्यविधिको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ।

प्रमाणीकरण मितिः २०८०/०५/०२

आज्ञाले

नवराज ओली

प्रमुख प्रशासकीय अधिकृत